July 5th,  2024

Friday

प्रमुख समाचार:

- २२औँ भारत–रुस वार्षिक शिखर सम्मेलनमा सहभागी हुन यही सोमबार प्रधानमन्त्री श्री नरेन्द्र मोदी रूस प्रस्थान गर्नुहुने
- वर्ष २०२३-२४ मा भारतद्वारा रक्षा उत्पादनको मूल्यमा अहिलेसम्मकै उच्च वृद्धि
- पेरिस ओलम्पिकमा सहभागी भारतीय खेलाडीहरूले देशलाई गौरवान्वित बनाउने प्रधानमन्त्री श्री नरेन्द्र मोदीको विश्वास
- अनि महिला क्रिकेटमा भारत र दक्षिण अफ्रिकाबीचको तीन खेलको T20 अन्तर्राष्ट्रिय खेलको शृङ्खलाको पहिलो खेल आज साँझ चेन्नईमा खेलिँदै

MEA – PM Visit

प्रधानमन्त्री श्री नरेन्द्र मोदी आगामी सोमबारदेखि रुसको औपचारिक भ्रमणमा जानु हुनेछ। भारतीय विदेश मन्त्रालयले रुसी राष्ट्रपति श्री भ्लादिमिर पुटिनको निमन्त्रणामा २२औँ भारत–रुस वार्षिक शिखर सम्मेलनमा सहभागी हुन श्री मोदी मस्को जाने जनाएको छ। यसपछि प्रधानमन्त्री श्री मोदीले यही महिनाको ९ र १० तारिक अस्ट्रियाको भ्रमण गर्नु हुनेछ।विदेश सचिव श्री विनय मोहन क्वात्राले आज नयाँ दिल्लीमा यो जानकारी दिनुभएको हो। श्री क्वात्राका अनुसार भ्रमणका क्रममा प्रधानमन्त्री श्री नरेन्द्र मोदी र रुसी राष्ट्रपति श्री भ्लादिमिर पुटिनबीच दुई देशबीचको बहुआयामिक सम्बन्धको समीक्षा गरिनेछ। दुई नेताबीच आपसी हितका समसामयिक क्षेत्रीय र विश्वव्यापी मुद्दाहरूमा पनि छलफल हुने उहाँले बताउनुभयो। उहाँले दुई नेताले ब्रिक्स, सांघाई सहयोग संगठन, जी–२०, पूर्वी एसिया शिखर सम्मेलन र संयुक्त राष्ट्र संघमा द्विपक्षीय सम्बन्धको पनि मूल्यांकन गर्ने बताउनुभयो। रुसी सेनामा रहेका भारतीय नागरिकको चाँडो रिहाइको विषयमा पनि छलफल हुने अपेक्षा गरिएको श्री क्वात्राले बताउनुभयो।

Modi -  Keir Starmer

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले श्री केयर स्टारमरलाई बेलायती आमचुनावमा विजयी हुनुभएकोमा बधाई दिनुभएको छ।। श्री मोदीले भारत-बेलायत व्यापक रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्न सकारात्मक र रचनात्मक सहयोगको अपेक्षा गरिएको बताउनुभएको छ। श्री मोदीले श्री ऋषि सुनकलाई आफ्नो कार्यकालमा भारत-बेलायत सम्बन्धलाई सुदृढ बनाउनमा पुऱ्याउनुभएको सकारात्मक योगदानप्रति आभार व्यक्त गर्नुभएको छ।

## Defence Products

भारतले सन् २०२३-२४ मा रक्षा उत्पादनको मूल्यमा अहिलेसम्मकै उच्च वृद्धि गरेको छ। आव २०२३-२४ मा रक्षा उत्पादन करिब एक लाख २६ हजार आठ सय ८७ करोड पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा १६ दशमलव ८ प्रतिशतले बढी हो । रक्षामन्त्री श्री राजनाथ सिंहले सामाजिक सञ्जालमा पोस्ट गर्दै प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्वमा मेक इन इन्डिया कार्यक्रमले लगातार नयाँ कीर्तिमान कायम गरिरहेको बताउनुभयो । श्री सिंहले यसका लागि रक्षा सार्वजनिक क्षेत्रका उपक्रमहरू, अन्य सार्वजनिक क्षेत्रका उपक्रमहरू प्रतिरक्षा वस्तुहरू निर्माण गर्ने र निजी उद्योगहरूलाई पनि बधाई दिनुभयो ।

## Jitendra – Fatty Liver

विज्ञान तथा प्रविधि मन्त्री श्री जितेन्द्र सिंहले फ्याटी लिभरको विभिन्न चरण पत्ता लगाउन सरल, कम लागतको परीक्षणको विकास गर्न जरुरी रहेको बताउनुभएको छ । श्री सिंहले आज नयाँ दिल्लीस्थित एक कार्यक्रमको उद्घाटन गर्दै सो कुरा बताउनुभएको हो । उहाँले सामान्य मेटाबोलिक कलेजो रोग र गैर-अल्कोहल फ्याटी कलेजो रोगलाई सम्बोधन गर्ने लक्ष्य राखेको बताउनुभयो। उहाँले प्रत्येक तेस्रो भारतीयमा फ्याटी कलेजोको समस्या रहेको जुन टाइप-२ मधुमेह र अन्य विकारहरूभन्दा अघि रहेको पनि बताउनुभयो।

## JP Nadda - Geneva

स्वास्थ्य तथा परिवार कल्याण मन्त्री श्री जगत प्रकाश नड्डाले भारतले विश्वको औसत भन्दा धेरै छिटो गतिमा आमा र बच्चाको जीवनस्तरमा सुधार ल्याउन ठूलो उपलब्धि हासिल गरेको बताउनुभएको छ। उहाँले जेनेभामा आयोजित मातृ, नवजात र बाल स्वास्थ्य साझेदारी बोर्ड-PMNCH मा भाग लिनुभयो । भर्चुअल माध्यमबाट बैठकलाई सम्बोधन गर्दै श्री नड्डाले महिला, बालबालिका र किशोरकिशोरीहरूप्रति यस संस्थाको दीर्घकालीन प्रतिबद्धताको प्रशंसा गर्नुभयो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ....

## Hathras – Stampede – Rahul

कांग्रेस नेता श्री राहुल गान्धीले आज उत्तर प्रदेशको हाथरस भागदौडमा मारिएका परिवारलाई भेट्नुभयो। दुर्घटनामा १२१ जनाको ज्यान गएको थियो । श्री गान्धीले पीडित परिवारलाई अधिकतम क्षतिपूर्ति दिन जोड दिनुभयो। उहाँले मुख्यमन्त्री श्री योगी आदित्यनाथलाई समयमै क्षतिपूर्ति दिन पनि आग्रह गर्नुभयो। यसैबीच दुर्घटनाको छानबिन गर्न गठित विशेष अनुसन्धान टोलीले मुख्यमन्त्री श्री आदित्यनाथलाई १५ पृष्ठ लामो प्रतिवेदन बुझाएको छ । यसमा प्रशासनिक अधिकारी र कार्यक्रममा सहभागीहरू सहित करिब एक सय व्यक्तिको बयान समावेश छ। उल्लेख्य, गत जुलाई २ तारिक नारायण साकार हरि उर्फ भोले बाबाको सत्संगमा भागदौड मच्चिएको थियो ।

## Assam Flood

असममा अविरल वर्षाका कारण २९ जिल्लामा २१ लाखभन्दा बढी मानिस बाढीबाट पीडित छन् । हाम्रा संवाददाताका अनुसार आसाममा पछिल्लो २४ घण्टामा बाढीका कारण थप ६ जनाको ज्यान गएपछि मृत्यु हुनेको संख्या ५२ पुगेको छ । राज्यभरका ३२०० भन्दा बढी गाउँ बाढीबाट प्रभावित भएका छन् भने ५७ हजार हेक्टरभन्दा बढी बालीमा क्षति पुगेको छ । राज्य सरकारले २४७ राहत शिविर र ४५१ राहत वितरण केन्द्र स्थापना गरेको छ । एनडीआरएफ र एसडीआरएफ टोली पनि उद्धार र राहत कार्यमा खटिएका छन्। अर्कोतर्फ, मणिपुरमा बाढीको अवस्था बिग्रँदै गएपछि सरकारी कार्यालयहरू बन्द छन्। आज र भोलि सबै सरकारी, सरकारी, निजी र केन्द्रीय विद्यालय बन्द रहनेछन् ।

## NEET – PG Exam

NEET-PG प्रवेश परीक्षा 2024 अर्को महिनाको 11 तारिक दुई शिफ्टमा सञ्चालन हुनेछ। राष्ट्रिय चिकित्सा विज्ञान परीक्षा बोर्डले आज परीक्षाको परिमार्जित तालिका सार्वजनिक गरेको छ । यो परीक्षा गत महिना परीक्षाको निर्धारित मितिभन्दा एक दिन अगाडि स्थगित गरिएको थियो । कतिपय प्रतिस्पर्धात्मक परीक्षामा पारदर्शिताका विषयमा आएको आरोपलाई ध्यानमा राखेर यो निर्णय गरिएको हो ।

PM Olympic Contingent

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पेरिस ओलम्पिकमा सहभागी हुन गएका भारतीय टोलीलाई हिजो भेट्नुभएको छ। खेलाडीसँग अन्तरक्रिया गर्दै उहाँले यी खेलमा भारतीय खेलाडीले देशको गौरव बढाउने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्रीले यस पटक भारतीय खेलाडीले पुराना सबै कीर्तिमान तोड्ने विश्वास व्यक्त गर्नुभयो ।

Paris Atheletics Team

भारतीय एथलेटिक्स संघले जुलाई २६ देखि सुरु हुने पेरिस ओलम्पिकका लागि २८ सदस्यीय भारतीय एथलेटिक्स टोलीको घोषणा गरेको छ । टोकियो ओलम्पिकका स्वर्ण पदक विजेता नीरज चोपडाले भारतीय टोलीको नेतृत्व गर्नेछन्। टोलीमा १७ पुरुष र ११ महिला खेलाडी छन् ।

Women's Cricket Match

महिला क्रिकेटमा भारतीय टोलीले आज दक्षिण अफ्रिकासँग तीन टी–२० अन्तर्राष्ट्रिय खेलको श्रृंखलाको पहिलो खेल खेल्दैछ । यो खेल बेलुकी ७ बजेदेखि चेन्नईमा खेलिनेछ।

IMD Weather

मौसम विभागले आज र भोलि उत्तराखण्ड र पूर्वोत्तरका अधिकांश भूभागमा भारी वर्षाको सम्भावना जनाउँदै उच्च सतर्कता जारी गरेको छ। पश्चिम बङ्गाल र ओडिशाका साथै उत्तर–पूर्वी तटीय क्षेत्र, गुजरात, महाराष्ट्र र कर्नाटकमा आगामी दुई–तीन दिनसम्म भारी वर्षाको सम्भावना छ ।

अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक

- २२औं भारत–रुस वार्षिक शिखर सम्मेलनमा सहभागी हुन यही सोमबार प्रधानमन्त्री श्री नरेन्द्र मोदी रूस प्रस्थान गर्नुहुने

- वर्ष २०२३-२४ मा भारतद्वारा रक्षा उत्पादनको मूल्यमा अहिलेसम्मकै उच्च वृद्धि
- पेरिस ओलम्पिकमा सहभागी भारतीय खेलाडीहरूले देशलाई गौरवान्वित बनाउने प्रधानमन्त्री श्री नरेन्द्र मोदीको विश्वास
- अनि महिला क्रिकेटमा भारत र दक्षिण अफ्रिकाबीचको तीन खेलको T20 अन्तर्राष्ट्रिय खेलको शृङ्खलाको पहिलो खेल आज साँझ चेन्नईमा खेलिँदै